भाग-२

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२

को उपदफा २ बमोजिम तिला गाउँपालिकाको

गाउँकार्यपालिकाले जारी गरेको कार्यबिधि

सर्वसाधारणको जानकारिको लागि प्रकाशन

गरिएको छ। **मिति:- २०८२-०३-०८**

# तिला गाउँपालिका पुर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्तासम्बन्धी कार्यबिधि, २०८२

## प्रस्तावना:

यस गाउँपालिकाको पूर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राबिधिक कर्मचारीहरु गाँउपालिकाबाट सन्चालित योजनाहरुको सुदृड र समुचित बिकासको लागि आवस्यक सुपरभिजन तथा मनिटरिङ्ग गर्न एबम आफ्नो काममा थप हौसला प्रदान गर्न, प्राबिधिक कर्मचारीहरुको फिल्ड भत्ता ब्यवस्थित गर्न वान्छानीय भएकोले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि तिला गाँउपालिका गाँउकार्यपालिकाले यो ***तिला गाउँपालिका पुर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्तासम्बन्धी कार्यबिधि, २०८२,*** जारी गरेको छ।

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डण्डेली, जुम्ला कर्णाली प्रदेश नेपाल

नतिलाल रोकाया
गा.पा. अध्यक्ष

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यबिधिको नाम "तिला गाउँपालिका पुर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्तासम्बन्धी कार्यबिधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि गाँउकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाँउपालिका" भन्नाले तिला गाँउपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले तिला गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले तिला गाँउपालिका गाँउकार्यपालिका सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले तिला गाउँपालिका पुर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत प्राबिधिकहरुको फिल्ड भत्तासम्बन्धी कार्यबिधि, २०८२ सम्झनु पर्दछ।

(ङ) "प्राबिधिक कर्मचारी" भन्नाले पूर्वाधार विकास महाशाखा अन्तरगत कार्यरत र करार सेवा अन्तरगत कार्यरत ईन्जिनियर, सब-ईन्जिनियर र असिष्टेन्ट सब-ईन्जिनियर सम्झनु पर्दछ।

**३. फिल्ड भिजिटः** यस गाँउपालिकाको पूर्वाधार विकास महाशाखामा कार्यरत सम्पुर्ण कर्मचारीहरुले यस गाँउपालिकाबाट सन्चालित विकास योजनाहरुको प्रभाबकारिताको साथ सन्चालन तथा सम्पन्न गर्न गराउनको लागि योजना स्थल मै पुगि आ-आफ्नो तोकिएको पदीय जिम्मेवारी ईमानदारीताका साथ सम्पन्न गर्नु पर्नेछ।

४. फिल्ड भत्ता प्राप्त गर्ने आधारः

(क) यस कार्यबिधि बमोजिम भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालय हाजिर भई काम गरेको हुनुपर्नेछ । आवस्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनुपर्नेछ ।

(ख) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीले मासिक रुपमा काम गरेको विवरण पूर्वाधार महाशाखा प्रमुखले तयार गरी प्रशासन मार्फत पेश गर्नु पर्दछ ।

(ग) उपदफा (१) बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा (२) बमोजिम पेश गरेको विवरण स्विकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछन ।

| सि.नं. | पद/तह/स्तर | प्राप्त हुने फिल्ड भत्ता |
|---|---|---|
| १ | ईन्जिनियर (अधिकृतस्तर) | १४००० |
| २ | सब-ईन्जिनियर (सहायकस्तर पाँचौ) | ११००० |
| ३ | असिष्टेन्ट सब-ईन्जिनियर (सहायकस्तर चौँथो) | १०००० |

५. भुक्तानि बिधिः

(क) २०८२ साल श्रावण महिना देखि दफा ४ बमोजिम प्राबिधिक कर्मचारीको तलबमा थप प्राबिधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपमा तलब संगै कार्यालयले उपलब्ध गराउनेछ ।

(ख) दफा ४ बमोजिम फिल्ड भत्ता प्राप्त गर्न अनुसूची-१ बमोजिमको ढाचामा आबश्यकता अनुसार प्रतिबेदन पेश गर्नु पर्नेछ ।

(ग) दफा ४ बमोजिमको फिल्ड भत्ता तिला गाँउ कार्यापालिकाको प्रमुख प्रशासकीय अधिकृतले मासिक फिल्ड भ्रमण फाँटबारीको मूल्याङ्कन एबम स्विकृत गरी फिल्ड भत्ता बजेट शिर्षकबाट उपलब्ध गराउनेछ ।



तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्राली, जुम्ला
कर्णाली प्रदेश नेपाल

लालिलाल रोकाया
गा.पा. अध्यक्ष

६. **प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा भएको ब्यवस्था संघीय वा प्रादेशिक कानून संग बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ।

७. **बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधिको कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने पुर्ण अधिकार तिला गाँउकार्यपालिकामा निहित रहनेछ।

८. **संशोधन**: यस कार्यबिधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाँउकार्यपालिकालाई हुनेछ।

९. **बचाउ**: यो कार्यविधि जारी हुनु भन्दा अघि भएको काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

मोतिलाल रोकाया
गा.पा. अध्यक्ष

अनुसूची-१

दफा ५ को उपदफा (ख) संग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु

तिला गाँउ कार्यापालिकाको कार्यालय

डुण्डेली, जुम्ला ।

**विषयः मासिक फिल्ड भ्रमण फाँटबारी**

मिति................ साल .............................. महिनामा यस पालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण ब्यहोरा अनुरोध छ ।

| सि. नं. | फिल्ड भ्रमण गरिएको वडा र ठाउँ | योजनाको नाम | मिति | उद्धेश्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| पेश गर्नेको | रुजु गर्नेको | स्विकृत गर्नेको |
|---|---|---|
| नाम थरः | नाम थरः | नाम थरः |
| दर्जाः | दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

प्रमाणीकरण मितिः- २०८२-०३-०८

प्रमुख प्रशासकीय अधिकृत

........................

मोतिलाल रोकाया
गा.पा. अध्यक्ष

नि. प्रमुख प्रशासकिय अधिकृत